# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९

शुद्धोधन गाउँपालिका, कपिलवस्तु

लुम्बिनी प्रदेश

CamScanner


लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९

प्रकाशक : शुद्धोधन गाउँपालिका, कपिलवस्तु

प्राविधिक सहयोग : सिद्दार्थ सामाजिक विकास केन्द्र, कपिलवस्तु

न्याय तथा अधिकार संस्था नेपाल (जुरी-नेपाल), ललितपुर

गाउँपालिकाबाट स्विकृत मिति : २०७९ आश्विन २४



## विषय सूचि


| क.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १. | पृष्ठभूमी तथा सन्दर्भ | |
| २. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति तर्जुमाको महत्व | |
| ३. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा प्रमुख रुपमा देखिएका चुनौतिहरु | |
| ४. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा देखिएका समस्या तथा चुनौति समाधानका सुझावहरु | |
| ५. | गाउँपालिकाको संस्थागत संरचना | |
| ६. | नीतिको आवश्यकता र औचित्य | |
| ७. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति तर्जुमा प्रक्रिया | |
| ८. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को दीर्घकालीन सोंच | |
| ९. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को लक्ष्य | |
| १०. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को उद्देश्य | |
| ११. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का नीतिहरु, रणनीतिहरु तथा कार्यनीतिहरु | |
| १२. | नीति कार्यान्वयनका लागि संस्थागत संरचना | |
| १३. | नीतिको कार्यान्यवनमा आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनिकरणका उपायहरु | |
| १४. | नीति कार्यान्वयनको लागि कार्ययोजना (Plan of Action) तथा जिम्मेवार निकाय | |
| १५. | सहकार्य तथा समन्वय | |

अनुसूचिहरु

अनुसूचि १. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को उद्देश्य तथा सो उद्देश्य प्राप्ति भएको सुनिश्चित गर्ने सुचकहरु ।

अनुसूचि २. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) शब्दावली तथा परिभाषा

शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सबनी, कपिलवस्तु

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९

## शुद्धोधन गाउँपालिका

## १. पृष्ठभूमी तथा सन्दर्भ

नेपाल मानव अधिकार सम्बन्धी महत्वपुर्ण ४१ वटा दस्तावेजहरुको पक्ष राष्ट्र हुनुको साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मुलप्रवाहीकरणका लागि आफ्नो प्रतिबद्धता समेत प्रकट गरेको छ। विशेष गरेर बेईजिङ घोषणापत्र १९९५ जसले संसारभरीका महिलाको लागि समानता, विकास र शान्तिकालागि अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता जनाएको छ । त्यस्तै अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ ले मानव परिवारका सबै सदस्यहरुको अर्न्तनिहित मान तथा सम्मान र अवछिन्न अधिकारहरुको मान्यता नै स्वतन्त्रता, न्याय र शान्तिको आधार मानेको छ र यसको दफा २ ले जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक आस्था वा अन्य विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति वा अन्य कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिको स्वतन्त्रता तथा अन्य अधिकारको सुनिश्चितता गरेको छ । साथै महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धमा बनेको अर्न्तराष्ट्रिय महासन्धी, १९७९ ले महिला विरुद्ध हुने सबै प्रकारका विभेद र हिंसाको अन्त्यका लागि समतामुलक र न्यायपूर्ण समाज निर्माणको सुनिश्चितता गरेको छ। संयुक्त राष्ट्र संघको सुरक्षा परिषदका प्रस्तावहरु नं १३२५ र १८२० जसले महिला, शान्ति र सुरक्षासँग सम्बन्धीत विषयलाई समेटेको छ भने सशस्त्र द्वन्दको समयमा महिला तथा बालबालिकामाथि हुने यौनजन्य हिंसालाई कडा रुपमा निन्दा गरिएको छ । त्यसैगरी महिलाको संरक्षण, महिला अधिकारको प्रवर्द्धन तथा द्वन्द रुपान्तरण र शान्ति निर्माण प्रक्रियामा महिला सहभागिताको विषयलाई जोड दिइएको छ। संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुको ३० वर्षे साझा विश्वव्यापी दिर्घकालिन रणनीतिक योजना (दिगो विकासको लक्ष) अर्न्तगत लक्ष नं ५ र १० ले क्रमशः लैङ्गिक समानता र महिला तथा बालिकाहरुको सशक्तिकरण र राज्यहरु अर्न्तगत रहेको असमानतालाई अन्त्य गर्ने दिर्घकालिन सोंच राखेको अवस्था छ भने लक्ष नं १६ मा सबल राष्ट्रिय संस्थाहरुको स्थापना र सञ्चालनमा जोड दिएको पाइन्छ।

केन्द्रिय तथ्याङ्क विभागको २०७८ को जनगणना अनुसार नेपालको कुल जनसंख्या २,९१,९२,४८० मध्ये महिलाको जनसंख्या १,४९,०१,१६९ (५१.०४ प्रतिशत) रहेको छ[1] भने २०६८ को जनगणना अनुसारको जनसांख्यिक आंकडाले नेपालमा १२५ जातजाती र १२३ भन्दा बढी भाषिक समूह रहेका छन्।[2] सन् २०१९ मा नेपाल मानव विकास सूचकांङ्कमा ०.६०२ (महिला-०.५८१ र पुरुष-०.६२३) अङ्कसहित १४२ औं स्थानमा रहेको छ।[3] राष्ट्रिय मानव विकास प्रतिवेदन २०२० अनुसार नेपालको लैङ्गिक विकास सूचक (Gender Development Index) ०.९३३ र लैंङ्गिक शसक्तिकरण मापक ०.६२ तथा लैङ्गिक असमानता सूचक (Gender Inequality Index) ०.४५२ अंङ्क सहित विश्वका १६२ देशहरुमध्ये ११० औं स्थानमो रहेको छ।[4] नेपालले

[1] राष्ट्रिय जनगणना, २०७८ प्रारम्भिक प्रतिवेदन, केन्द्रिय तथ्याङ्क विभाग

[2] श्रोत : राष्ट्रिय जनगणना, २०६८ केन्द्रिय तथ्यांक विभाग

[3] मानव विकास प्रतिवेदन, २०२०

[4] राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौ

लैङ्गिक समानता र सामाजिक समावेशीकरणको प्रतिबद्दतालाई कार्यान्वयन गर्न विभिन्न नीतिगत तथा कानूनी व्यवस्था गरेको छ। यस सन्दर्भमा नेपालको संविधानले राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने, वर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, सम्बृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ।
नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र समाजिक न्याय सुनिश्चित गर्दै समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने अभिप्राय राखेको छ। तसर्थ संविधानले महिला, दलित, जनजाति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा अन्य पछाडी परेका वा पारिएका समुदायको मानव अधिकारको संरक्षण, सर्म्वद्धन र परिपुरणको लागि मानव अधिकारमुखी अवधारणाको अवलम्वन गरेको छ। त्यस्तै गरेर महिला, दलित, आदिवासी, जनजाती, मधेसी, थारु, मुस्लिम, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसँख्यकको सामाजिक न्यायको हकलाई समेत मौलिक हकको रुपमा रुपमा अंगिकार गरेको अवस्था छ।

संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ ले समानताको हक, धारा २४ ले छुवाछूत तथा भेदभाव विरुद्दको हक र धारा ३८ ले महिलाको हकको प्रत्याभूति गरेका छन्। संविधानले कानूनको अगाडी समानता र कानूनको समान संरक्षणको सुनिश्चितता गरेको छ भने विशेष वर्ग र समुदायको उत्थानका लागि विशेष संरक्षण गर्ने नीति अवलम्वन गर्ने प्रतिवद्दता जनाएको छ। त्यसैगरी संविधानको धारा १८ को प्रतिवन्धात्मक वाक्याँशमा आर्थिक तथा समाजिकरुपमा पछाडि परेका वर्ग विशेषका लागि विशेष व्यवस्था तथा कूननमार्फत मूल प्रवाहिकरण गर्नसकिने व्यवस्थालाई संविधानले आत्मसात गरेको पाइन्छ। त्यस्तै संविधानले मौलिक हकको रुपमा महिलाको हक र दलितको हकलाई समेत स्वीकार गरेको छ भने धारा ४२ को सामाजिक न्यायको हक अर्न्तगत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशीकरणको सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ। संविधानले आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हकको व्यवस्था गरेको छ। अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्म सम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरिएको छ। सोही बमोजिम स्थानीय तहका लागि संविधानले महत्वपुर्ण कार्यक्षेत्रहरुलाई एकल अधिकार क्षेत्रको रुपमा स्वीकार गरेको छ। उदाहरणको लागि संविधानको अनुसूची ८ बमोजिम स्थानिय तहको अधिकारको सूचीमा स्थानिय सेवाको व्यवस्थापन, स्थानिय तथ्यांक र अभिलेख संकलन, आधारभूत र माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय अदालत र मेलमिलापको व्यवस्थापन, जेष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क संकलन, विपद व्यवस्थापन जस्ता विषयहरु एकल अधिकारको सुचिमा समावेश छन्।

त्यस्तै गरेर स्थानिय सरकार सञ्चालन सम्बन्धमा तर्जुमा गरिएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ ले विशेष रुपमा स्थानिय तहका प्रमुख काम, कर्तव्य र अधिकारलाई निर्दिष्ट गरेको छ जसअनुसार स्थानिय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन, जनशक्ति व्यवस्थापन र वृत्ति विकास, स्थानीय तथ्याङ्क र अभिलेख संकलन जस अर्न्तगत पनि तथ्याङ्क सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन गर्नु, आधारभूत र माध्यमिक शिक्षा, स्वास्थ्य र सरसफाई, स्थानीय अभिलेख व्यवस्थापन, जेष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन, वेरोजगारको तथ्याङ्क संकलन, विपद व्यवस्थापन, सामाजिक सुरक्षा र गरिबी निवारण, जस्ता महत्वपुर्ण कानूनी दायित्व रहेको छ ।

त्यस्तै ऐनको परिच्छेद ६ मा **योजना** तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा पालिकाको आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा **स्थानीयस्तरमा विकासका लागि आवधिक, वार्षिक,** रणनीतिगत रुपमा **मध्यकालिन तथा दिर्घकालिन योजना बनाई** लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा निर्दिष्ट गरेको छ । त्यस्तै योजना बनाउँदा स्थानिय बासिन्दाको सहभागिता जुट्ने, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने कुराका साथै योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानिय सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सरोकारवालाहरुको अधिकतम सहभागिता प्राथमिकतामा राखेर गराउने दायित्व कानूनी रुपमा स्पष्ट तोकिएको छ । तसर्थ स्थानिय तहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को सुनिश्चितता तथा मुलप्रभावहिकरण गराउनु प्रमुख रुपमा स्थानिय तहको कानूनी दायित्वलाई कसरी प्रभावकारी र उत्तरदायी बनाउन सकिन्छ भन्ने मान्यतालाई पनि महत्वपुर्ण रुपमा यस ऐनले औल्याएको छ । नेपालले अर्न्तराष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्दता, संविधान तथा संघीय र प्रदेश कानून तथा नीतिको मर्म र भावनालाई स्थानीय तहमार्फत आतमसात गर्ने सन्दर्भमा स्थानीय सरकारको पनि उत्तिकै महत्वपूर्ण भूमिका र महत्व हुन्छ । सोही भूमिकालाई व्यवहारमा कार्यान्वयन गर्ने सर्न्दभमा यस नीतिको तर्जुमा गरिएको हो । त्यसका अलावा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले तर्जुमा गरेको राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को रणनीति नं ३ ले पनि यसप्रकारको स्थानीय रणनीतिको कार्यान्वयनलाई महत्वपूर्णरुपमा लिएको पाइन्छ।[५]

## २. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति तर्जुमाको महत्व

शुद्धोधन गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अर्न्तगत कपिलवस्तु जिल्लामा अवस्थित रहेको छ र यस पालिका अर्न्तगत जम्मा ६ वटा वडाहरु रहेका छन् । कपिलवस्तु जिल्लाको कुल क्षेत्रफल १७३.१९ वर्ग कि.मी रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार कपिलवस्तु जिल्लाको जम्मा जनसंख्या ६,८६,७३९ जस मध्ये महिला-३,४९,१३५ जना (५०.८३ प्रतिशत) र पुरुष-३,३७,६०४ जना (४९.१६ प्रतिशत) रहेको छ । यस

[५] नीति तथा कार्यनीति (क) संघ, प्रदेश तथा स्थानीय तहमा लैङ्गिक उत्तरदायी नीति, योजना तथा कानून निर्माण गरी कार्यान्वयन गरिनेछ । राष्ट्रिय लैङ्गिक समानता नीति, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरवार, पृष्ठ १० ।

अनुसार लैङ्गिक अनुपात ९६.७० रहेको छ भने शुद्धोधन गाउँपालिकाको जनसंख्या ४५२०१ जसमध्ये महिला-२२४६८ जना र पुरुष- २२७३३जना रहेका छन् । जिल्लामा विभिन्न किसिमका जातजातिको मिश्रित बसोबास रहेको हुँदा यहाँ विभिन्न किसिमका चाडपर्व मनाईन्छ भने थुप्रै मठमन्दिरहरु रहेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार शुद्धोधन गाउँपालिकामा जम्मा ३४ जातजातीहरुको बसोबास रहेको देखिन्छ । ती जातजातीको जनसंख्या मध्ये सबैभन्दा बढी यादवको जनसंख्या रहेको छ भने मुस्लिम र दलित समूदायको पनि बाहुल्यता रहेको छ । जातजातिको सन्दर्भमा तराइ दलितको बाहुल्यता रहेको छ भने शुद्धोधन गाउँपालिकामा जम्मा ४ प्रकारका भाषा बोलिने गरेको छ । सबैभन्दा धेरै अवधि ६६.प्रतिशतले भाषा, दोश्रोमा नेपाली २१ प्रतिशलले बाँकी थारु, मगर र उर्दू भाषालाई मातृ भाषाको रुपमा प्रयोग गरेको देखिएको छ । २०६८ को जनगणना अनुसार शुद्धोधन गाउँपालिका कुल जनसँख्याको ४१.२ प्रतिशत जनसँख्या युवाको रहेको छ ।

विभिन्न जातजाति, भाषाभाषी, धर्म, वर्ण र लिङ्गका आधारमा विभिन्न विविधता भएका समुदाय र वर्गको बसोबास रहेको पालिकामा सबै वर्ग र समुदायको पालिका तहका हरेक संरचना, तह र बहुआयामिक पक्षहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण हुनु अत्यन्तै आवश्यक रहेको छ । त्यस्तै गरेर स्थापित मानविय मुल्य र मान्यता विपरित समाजमा विकृत संस्कार, परम्परा तथा व्यवहारको रुपमा मानव मानव बिचमा जातिय, धार्मिक, साँस्कृतिक, भौगोलिक तथा अन्य रुपमा विभिन्न प्रकारका विभेद तथा असमानताहरु पनि सँगसँगै हुर्कदै बढ्दै गएर विभिन्न नाम र बाहानामा यस्ता असमानता र विभेद समाजको एक अभिन्न अङ्ग बन्न पुगेको देखिन्छ। त्यस्तै गरेर लैङ्गिक विभेद तथा असमानता समेत एक नमिठो सत्यको रुपमा समाजमा जरा गाडेर रहेको छ । लिङ्गमा आधारित हिंसाहरु जस्तो घरेलु हिंसा, बालविवाह, मानव बेचविखन, जस्ता घटनाहरु पनि यस समाजमा उल्लेख्य रुपमा घट्न पुगेको देखिन्छ। त्यस्तै गरेर हाल विश्व स्वास्थ्य महामारी कोरोना संक्रमण १९ ले गर्दा पनि विशेष गरेर महिला र जोखिममा परेका वर्ग र समुदायको लागि थप चुनौतिहरु थपिएको अवस्था छ। स्थापित मानविय मुल्य र मान्यता विपरितका यस्ता विभेद तथा असमानताहरुको अन्त्य नभएसम्म समतामुलक तथा न्यायिक समाजको निर्माण हुन सक्दैन भन्ने मान्यतालाई आत्मसात गर्दै समाजमा व्याप्त रहेका विविध प्रकारका विभेद, असमानता तथा पछाडी परेका वर्ग र समुदायको मुल प्रवाहिकरण गर्ने अभिप्रायका साथ स्थानिय तहले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीतिगत प्रावधानहरुको तर्जुमा गर्नु अत्यन्तै आवश्यक रहेको छ।

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा देखिएका समस्या तथा चुनौतिहरु[६]

१. महिलाको घरेलु कार्यमा बढ्दो जिम्मेवारी र आर्थिक उपार्जनमा पुरुषलाई बढी प्राथमिकता दिने मूल्य मान्यताको अभ्यास ।

२. शिक्षामा छोरालाई प्राथमिकता र छोरीलाई विभेद गर्ने अभ्यासको विद्यमानता ।

---

[६] उपरोक्त सवालहरु शुद्दोधन गाउँपालिकासंगको सहकार्यमा सिद्दार्थ सामाजिक विकास केन्द्र र जुरी नेपालबाट २०७९ असार २९ देखि ३० असारमा लुम्बिनीमा सम्पन्न कार्यक्रममा उपस्थित पालिकाका पदाधिकारी, कर्मचारी र विभिन्न निकायका प्रतिनिधिहरुको समूह कार्यबाट तय गरिएको ।

३. पालिकाको निर्णय प्रक्रियामा महिला, दलित तथा सिमान्तकृत समूदायका प्रतिनिधिको अर्थपूर्ण सहभागिताको कमी ।

४. दाइजो प्रथा लगायत विभेदकारी प्रथा र परम्पराको निरन्तरता । आर्थिक विपन्नताको आधारमा विभेद गर्ने परम्परा ।

५. जातीय विभेदका घट्नाहरुलाई स्थानीय तहमा नै मिलाउने र विभेद सहने प्रवृति ।

६. लक्षित वर्गमा शिक्षा तथा चेतना र सीपको कमी । लैङ्गिक, जातिय तथा अन्य आधारमा समाजमा भेदभाव, असमानता, परम्परागत हानिकारक मुल्य, मान्यता र व्यवहारहरु समाजबाट हट्न नसक्नु ।

७. पितृसत्तात्मक सोंचको प्रभाव तथा रुढीवादी चिन्तन र अन्धविश्वास ।

८. कानूनको फितलो कार्यान्वयन । लक्षित समूदायको राज्यको श्रोतसम्म पहुँच पुग्न नसक्नु ।

९. लक्षित समुदाय र वर्गका व्यक्तिहरु (विशेष गरी आर्थिकरुपमा विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक र लोपोन्मुख तथा सिमान्तकृत समूदाय) आफ्नो हक अधिकार प्रति अनभिज्ञ रहनु र आफनो हक अधिकार दाबी गर्ने क्षमताको विकास हुन नसक्नु ।

१०. अनौपचारिक क्षेत्रमा महिलालाई समान कामका लागि कम ज्याला निर्धारण ।

११. लक्षित समुदायका लागि लैससास सम्बन्धी छुट्टै नीति नभएका कारण लक्षित समुदायको माग, आवश्यकतामा केन्द्रितभन्दा पनि अनुमान तथा पहुंच, सामाजिक प्रतिष्ठा वा अन्य पहुँचका आधारमा नीति, योजना, कार्यक्रम बन्ने जसले गर्दा लक्षित समुदायको अपनत्व पनि कम हुने र लाभान्वित हुने मौका पाउन सकेको छैन ।

## ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा देखिएका समस्या तथा चुनौति समाधानका सुझावहरु[७]

१. महिलालाई आर्थिक गतिविधिमा संलग्नता गराउन सीप सिकाइ तथा क्षमतामा आधारित सीप सिकाइमा जोड दिनुपर्ने र आर्थिक अवसरमा संलग्न गराउनुपर्ने ।

२. बालिका शिक्षामा पहुँच विस्तारका लागि उनिहरुको क्षमता विकासमा जोड दिनुपर्ने । वयस्क व्यक्तिका लागि अनौपचारिक शिक्षाको माध्यमबाट शिक्षाको पहुँचमा पुर्‍याउनुपर्ने ।

३. पैतृक सम्पत्तिमा महिलाको हकको व्यवहारिक कार्यान्वयनको प्रत्याभूतिमा जोड दिनुपर्ने ।

४. महिला, दलित, सिमान्तकृत तथा आर्थिक रुपमा विपन्न वर्गको क्षमता विकासमा जोड दिनुपर्ने ।

५. दाइजो प्रथा लगायत विभिन्न कुप्रथा अन्त्यको लागि आवश्यक पहल कदमी लिने ।

[७] उपरोक्त सुझावहरु शुद्दोधन गाउँपालिकासँगको सहकार्यमा सिद्दार्थ सामाजिक विकास केन्द्र र जुरी नेपालबाट २०७९ असार २९ देखि ३० असारमा लुम्बिनीमा सम्पन्न कार्यक्रममा उपस्थित पालिकाका पदाधिकारी, कर्मचारी र विभिन्न निकायका प्रतिनिधिहरुको समूह कार्यबाट तय गरिएको ।

शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तौलिहवा, कपिलवस्तु

६. विद्यमान कानून कार्यान्वयन तथा पालिकाको विकासका लागि पालिकामा क्रियाशील विकासका साझेदार तथा सामाजिक संघ संस्थासँगको सहकार्यलाई अघि बढाउने ।

७. लैङ्गिक समानता तथा जातीय विभेदको अन्त्यका लागि कानून कार्यान्वयनमा संलग्न निकायसँगको सहकार्य ।

८. पालिकाबाट गठन गरिने समूदाय तहका विभिन्न संरचनामा महिला, दलित तथा तथा सिमान्तकृत वर्गको सहभागिता र पहुँच विस्तार गर्ने ।

९. समाजमा विद्यमान कुरिती तथा अन्धविश्वास हटाउन विशेष कार्यक्रम सञ्चालन गर्ने । आर्थिक रुपमा विपन्न वर्गका लागि (विशेष गरी आर्थिकरुपमा विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र लोपोन्मूख तथा सिमान्तकृत समूदाय) आर्थिक सवलिकरण तथा आय आर्जनका कार्यक्रम तथा सार्वजनिक श्रोतमा पहुँचको बृद्धिमा जोड दिनुपर्ने ।

१०. उपरोक्तमा उल्लेखित विषय लगायत अन्य विषयमा स्पष्ट कार्ययोजना सहितको कार्यान्वयनका लागि पालिकाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि पालिकाले एक विशेष नीति तथा कार्ययोजना तयार गरी लागु गर्नुपर्ने ।

## ५. गाउँपालिकाको संस्थागत संरचना :

गाउँपालिकाको संरचनागत तहमा स्थानिय सरकारको रुपमा गाउँसभा तथा कार्यपालिका रहेको छ जसमा संविधानले परिकल्पना गरेको लैङ्गिक समानता र सामाजिक समावेशिकरणको दृष्टिकोणबाट तोकिएकै आधारमा महिला, दलित, जनजाति तथा पछाडी परेका समुदायबाट जनप्रतितिधीहरु छनौट भएका छन् । त्यस्तै पालिका अर्न्तगत स्थानिय तहको न्यायिक काम कार्वाहीका लागि उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति रहेको छ भने पालिका तहमा भएका काम कार्वाहीहरुको अनुगमन तथा मुल्याङ्कनका लागि स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम पालिका स्तरमा उपाध्यक्षको संयोजकत्वमा ५ सदस्यीय एक अनुगमन समिति समेत रहको छ । त्यस्तै महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा अन्य पछाडी पारिएका व्यक्तिहरुको विषयवस्तुहरु हेर्नका लागि पालिका तहमा पालिकाको कार्यालय अर्न्तगत महिला तथा बालबालिका शाखा रहेको छ भने सामाजिक शाखाले पनि सो सन्दर्भमा कामहरु गर्ने गरेको छ । यसका अलावा पालिकाको योजना शाखा पनि प्रत्यक्ष वा अप्रत्यक्षरुपमा लैससास सम्बन्धी विषयवस्तुहरुको योजना बनाउने कार्यमा संलग्न रहेको पाईएको छ । त्यस्तै पालिका अर्न्तगत जनप्रतिनिधि सहितको विभिन्न विषयगत समितिहरु गठन भई काम भईरहेको छ ।

यस गाउँपालिका अर्न्तगत हाल ६ वटा वडाहरु रहेको छ । त्यस्तै पालिका अर्न्तगत वडा स्तरमा विभिन्न लक्षित समुदायहरुसँग सम्बन्धीत समितिहरु समेत गठन गरिएको छ । जसमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति समेतको सहभागिता गराईएको छ । स्थानिय वडा तथा टोलस्तरीय विभिन्न समुह तथा संजालहरुको समेत गठन भएको छ । यस अर्न्तगत युवा क्लब, बाल क्लब सञ्जाल, महिला सहकारी, किशोरी अधिकार मञ्च, नागरिक बहस केन्द्र, किशोर किशोरी समूहहरु समेत पालिकामा क्रियाशील रहेका छन् ।



कु० अनिता

## ६. नीतिको आवश्यकता र औचित्य

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि राज्यको दायित्व पुरा गर्ने कार्य राज्यका तीनवटै तहका व्यवस्थापिका र सरकारको मुख्य जिम्मेवारी र दायित्व हो । संविधानमा व्यक्त मौलिक हक तथा संबिधानको अनुसूचिमा उल्लेखित स्थानीय तहको दायित्व र भूमिकालाई प्रभावकारी बनाई चालु पन्धौं योजना, मानव अधिकारसम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजनालाई स्थानीयकरण गरी राष्ट्रिय लक्ष र योजनाहरुलाई कार्यान्वयन गर्नका लागि मार्गनिर्देश गर्नका लागि यो नीतिको आवश्यकता परेको हो । यसका साथै समाजमा विद्यमान असमानता तथा व्याप्त कुरिती, कुप्रथा र भेदभावलाई हटाई समान पहुँच र अवसर प्रदान गरी समानता र न्यायपूर्ण समाजको स्थापना गर्नु यस नीतिको प्रमुख लक्ष हो । यस नीतिको अवलम्बनले स्थानीय पालिकामा क्रियाशील सार्वजनिक क्षेत्र, नीजि क्षेत्र, सहकारी क्षेत्र, सामाजिक संघ संस्था तथा सामुदायिक तथा व्यावशायिक संघ संस्था सबैमा लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी सोही बमोजिमका नीति, कार्यक्रम तथा योजना तर्जुमा र सोको कार्यान्वयन गर्नका लागि यसको आवश्यकता परेको हो । सम्वृद्ध नेपाल सुखी नेपालीको साझा राष्ट्रिय आकांक्षा पूरा गर्न यस नीतिले सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति तर्जुमा प्रक्रिया

यो लैससास नीतिको तर्जुमा शुद्धोधन गाउँपालिकाका लागि सिद्दार्थ सामाजिक विकास केन्द्र र न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल)ले आई.एम. स्वीडिस डेभलप्मेन्ट पार्टनर (IM Swedish Development Partner) को सहयोग अन्तंगत मस्यौदा गरी त्यसउपर २०७९ असार २७ देखि २९ सम्म लुम्बिनीमा सम्पन्न अर्न्तक्रिया कार्यक्रममा पालिकाका पदाधिकारी तथा यस क्षेत्रमा क्रियाशील विभिन्न संघ संस्था तथा निकायसँगको अर्न्तक्रिया कार्यक्रममा छलफल गरी कार्यक्रममा प्राप्त भएका सुझाव समेतका आधारमा मस्यौदा तयार गरी पालिकाको तर्फबाट अन्तिम रुप दिइएको हो । यस नीतिको तर्जुमा गर्दा विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कानून तथा नेपाल सरकारका सम्वन्धित नीतिहरुको अध्ययन र समीक्षा तथा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन लगायत सम्बन्धित दस्तावेजहरुको अध्ययन गरी तयार गरिएको छ । त्यस्तै गरेर यो नीति तर्जुमा गर्ने क्रममा शुद्धोधन गाउँपालिकाको कार्यपालिकामा रहनु भएका जनप्रतिनिधिहरु, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा पालिकाको सम्बन्धीत शाखाका कर्मचारी तथा अन्य सरोकारवाला निकाय तथा व्यक्तिहरुसँग छलफल गरी प्राप्त सुझावका आधारमा मस्यौदालाई अन्तिम रुप दिइएको हो ।

## ८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को दीर्घकालीन सोंच

विभेदरहित, समतामूलक तथा लैङ्गिक समानतायुक्त गाउँपालिका निर्माण गर्ने ।

## ९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को लक्ष्य

गाउँपालिकामा रहेका हरेक वर्ग, लिङ्ग र समुदायका व्यक्तिहरुको पालिका तहका बहुआयामिक पक्षहरुमा मुलप्रवाहीकरण गर्दै लैङ्गिक उत्तरदायी तथा समावेशी स्थानिय सरकारको निर्माण गर्ने ।

## १०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को उद्देश्य

- लैससासको अवधारणालाई संस्थागत गर्नका लागि नीतिगत रुपमा स्पष्टता कायम गर्दै आवश्यक कार्यादेश निर्दिष्ट गर्ने ।
- संरचनागत तह तथा निर्णायक प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता तथा परिणाममा समान पहुँच र नियन्त्रणको सुनिश्चितता गर्ने ।
- सबै प्रकारका साझा अवसर, स्रोत साधन, सेवा, सूचना तथा सुविधाहरु र परिणाममा समेत सबै वर्ग र समुदायको समान पहुँच र नियन्त्रणको सुनिश्चितता गर्ने ।
- लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्वन्धमा सम्बन्धित अधिकारी, संस्था र सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्ने ।

## ११. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का नीतिहरु, रणनीतिहरु तथा कार्यनीतिहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का नीतिहरु, रणनीतिहरु तथा कार्यनीतिहरु यसप्रकार रहेको छ ।

| नीतिहरु | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| ५. १. लैससासको अवधारणालाई पालिका तहमा संस्थागत गर्नका लागि आवश्यक रुपमा नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन, संसोधन तथा तर्जुमा गर्ने । | १ लैससासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावली, कार्यविधी तथा मापदण्डहरुको तर्जुमा गर्ने ।<br><br>२. पालिका तहका वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायि बजेट तर्जुमा गर्ने । | १. स्थानिय तहमा लैससासको मुलप्रवाहीकरणका लागि हाल विद्यमान ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैससासको दृष्टिकोणवाट पुनरावलोकन तथा समीक्षा गर्ने ।<br><br>२. स्थानिय तहमा लैससासको मुलप्रवाहीकरणका लागि आवश्यक नयाँ ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको तर्जुमा गर्ने ।<br><br>३. विद्यमान ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन गर्दा र नयाँ ऐन, कानून, नीति तथा मापदण्डहरुको तर्जुमा गर्दा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय सन्धी सम्झौता तथा नेपालको संविधान तथा संघीय र लुम्बिनी प्रदेश सभा तथा लुम्बिनी सरकारद्धारा तर्जुमा भएका कानूनप्रदत्त हक अधिकारलाई प्रबर्द्धन गर्ने ।<br><br>४. लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकताको तथा हस्तक्षेपको क्षेत्रको पहिचान गर्ने । |

| नीतिहरु | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| | | ५. लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायकोलागि पालिकाले हालसम्म गरेका पहलहरु र त्यसको कार्यान्वियन तथा प्रतिफलको आवधिकरुपमा समिक्षा गर्ने । <br><br> ६. लैससासको दृष्टिकोणबाट लक्षित समुदायको आवश्यकताको पहिचानको आधार तथा पालिकाले हालसम्म गरेका पहलहरु र त्यसको कार्यान्वयन तथा प्रतिफलको समिक्षामा आधारीत भएर पालिकाले आवश्यकताका क्षेत्रलाई प्राथमिकतामा राखी वार्षीक ,आवधिक योजना, कार्यक्रम तथा बजेटको तर्जुमा गर्ने । <br><br> ७. पालिकाले वार्षीक, आवधिक योजना, कार्यक्रम, बजेट तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको विभिन्न चरणमा प्रत्यक्ष तथा अर्थपुर्ण सहभागिता गराउने । <br><br> ८. पालिकाले वार्षिक, आवधिक योजना तथा कार्यक्रमहरुमा बजेटको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका आवश्यकताका क्षेत्रमा न्युनतम प्रतिशत तोकेरै लैङ्गिक उत्तरदायि बजेटको तर्जुमा गर्ने । <br><br> ९. विभिन्न प्राकृतिक विपत्, आपत तथा स्वास्थ्य महामारी जस्ता जोखिम अवस्थाहरुमा विशेष गरेर लक्षित समुदायका लागि रोकथाम, नियन्त्रण र परिपुरण जस्ता सबै चरणमा कसरी संवोधन गर्ने, विशेष अवस्थामा स्थानिय तहका स्रोत साधनको परिचालन कसरी गर्ने, कस्त सेवा तथा सहयोगलाई प्राथमिकतामा राख्ने भन्ने बारेमा पनि पालिका तहको स्पष्ट नीति तयार गर्ने । |
| ५.२ पालिका तहको वार्षिक, आवधीक योजना, कार्यक्रम तथा बजेट तर्जुमा | १. पालिका अन्र्तगतको संरचनागत तहमा मानव संसोधन लैससासको आधारमा परिपुर्ति गर्ने कुराको सुनिश्चितता गर्ने। | १०: पालिकाको संरचनामा, पालिका अन्र्तगतका वडा कार्यालयहरुमा, कर्मचारीहरु भर्ना गर्दा वा नियुक्त गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको अर्थपूर्ण सहभागिता रहने कुराको सुनिश्चितता गर्ने। <br><br> ११ पालिकास्तर, वडास्तर तथा समुदायस्तरमा गठन गरिने विभिन्न |



CamScanner

| नीतिहरु | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| लगायतका संरचनागत तह तथा निर्णायक प्रक्रियामा लक्षित समुदायको प्रभावकारी तथा अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने । | २. पालिका तहको निर्णय प्रक्रियामा लक्षित समुदायको प्रत्यक्ष अर्थपुर्ण समान सहभागिताको सुनिश्चितता गर्ने । | संजाल, समूह तथा समितिहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चिता गर्ने ।<br><br>१२. पालिका तहको नीति, कानून, योजना, कार्यक्रम, बजेट आदीको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता तथा प्रतिनिधित्वको सुनिश्चिता गर्ने ।<br><br>१३ पालिका तहका विभिन्न निर्णायक तह (स्थानीय तहको क्षेत्राधिकारभित्र रहेका संरचना तथा संयन्त्रहरुमा) मा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायका राजनैतिक जनप्रतिनिधीहरुको निर्णय प्रक्रियामा अर्थपुर्ण सहभागिता र प्रतिनिधित्व रहने कुराको सुनिश्चिता गर्ने ।<br><br>१४ पालिका तहमा भएका सार्वजनिक सरोकारका सबैजसो बिषयवस्तु, सूचना तथा जानकारीहरु लक्षित समुदायको सहज पहुँचका लागि विभिन्न माध्यमबाट संप्रेषण गर्ने । साथै सबै संरचनाहरुको निर्माण गर्दा अपाङ्गतामैत्रीको सुनिश्चितता गर्ने । |
| ५.३ पालिका तहमा लैससासको सुनिश्चित गर्न सुशासनको सुनिश्चितता गर्ने । | १. लक्षित समुदायसँग सम्बन्धीत जानकारी तथा सूचनाहरुलाई उनीहरु समक्ष सहज रुपमा पुऱ्याउन पारदर्शिताको सुनिश्चितता गर्ने ।<br><br>२. स्थानिय सरकार लक्षित समुदायप्रति जवाफदेफी रहेको कुराको सुनिश्चितता गर्न सामाजिक लेखा | १५. विशेष गरेर पालिका तहमा रहेका लक्षित समुदायसँग सम्बन्धीत बिषयवस्तु, सूचना तथा जानकारीहरु लक्षित समुदायको पहुँचको लागि संप्रेषण गर्दा पहुँचयोग्य विभिन्न माध्यमहरुको प्रयोग गरी जस्तो अडियो, भिडियो, प्रिन्ट वा अन्य माध्यमबाट संप्रेषण गर्ने ।<br><br>१६. बिषयवस्तु, सुचना तथा जानकारीहरु संप्रेषण गर्दा लक्षित समुदायसँग सम्बन्धीत विशेष गरेर पालिका तहबाट प्रवाह हुने सेवा, क्षमता अभिबृद्धीका कार्यक्रम, स्वास्थ्य, शिक्षा, रोजगारी, उद्यमशिलतासँग सम्बन्धीत कार्यक्रम तथा त्यसमा विनियोजित बजेट समेत उल्लेख गरी सरल, सहज भाषामा (संभव भए सम्म स्थानीय भाषामा) संप्रेषण गर्ने ।<br><br>१७. पालिका तहमा रहेका लक्षित समुदायप्रति स्थानिय तह जवाफदेही छ भन्ने सन्देश प्रवाहका निमित्त प्रत्येक वडा तह तथा पालिका तहमा |



कु० अनिता

| नीतिहरु | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| | परिक्षण (Social Audit), लैङ्गिकरुपमा परिक्षण तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चितता गर्ने । | निरन्तर रुपमा सार्वजनिक सुनुवाई र लैङ्गिक परिक्षण गर्ने ।<br><br>१८. पालिका तहमा रहेका लक्षित समुदायको गुनासो सुन्नका लागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने कुराक सुनिश्चितता गर्ने । |
| ५.४ पालिका तहमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति लगायत अन्य सबै पछाडी पारिएका समुदाय तथा वर्गहरुका समानता र समावेशीकरण सम्बन्धमा क्षमता अभिबृद्धि गर्ने कुराको सुनिश्चितता गर्ने । | १. पालिका अर्न्तगतका महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको क्षमता अभिबृद्धी गर्ने ।<br><br>२. पालिका तहका जनप्रतिनीधी तथा प्रदायकहरुको क्षमता अभिवृद्धि गर्ने । | १९. लिङ्गमा आधारित हिंसा, जातिय आधारमा हुने हिंसा, विभिन्न आधारमा जस्तै लैङ्गिक, जातिय, धार्मिक, सामाजिक वा आर्थिक हैसियत आदीमा हुने विभेद तथा भेदभाव, समाजमा व्याप्त परम्परागत हानिकारक मुल्य, मान्यता र व्यवहार आदीका कारण मानव अधिकार उल्लघन हुन सक्दछन् र त्यस्ता मानव अधिकार उल्लघनलाई कानूनले पनि दण्डित गरेको छ भन्ने बारेमा विशेष गरेर महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायलाई जानकारी तथा सचेत गराउने ।<br><br>२०. मानव अधिकार उल्लघनका घटनालाई कानूनले पनि दण्डित गरेको विषयमा प्रभावित वा पिडितपक्षलाई पालिकाले कसरी सहयोग गर्न सक्दछ, कस्ता कस्ता सेवाहरु उपलब्ध गराउन सक्दछ, त्यस्तो सेवा निःशुल्क हुने भए सोही कुरा र शुल्क लाग्ने भए कति लाग्दछ भन्ने बारेमा जानकारी समेटिएको सूचनाहरु प्रसारण तथा प्रकाशन गर्ने निरन्तर संप्रेषण गराईरहने।<br><br>२१. पालिका तहका जनप्रतिनीधीको लागि महिला, दलित तथा अन्य लक्षित समुदायका हक अधिकार संरक्षण तथा मुलप्रवाहिकरणका लागि स्थानिय तहले के कस्तो भुमिका निर्वाह गर्न सक्दछ वा कानूनी कार्यादेश कस्तो रहेको छ भन्ने बारेमा सूचना तथा जानकारीमुलक स्रोत सामाग्री सहज तथा सरल भाषामा प्रकाशित गर्ने र सो सम्बन्धमा तालिम, अर्न्तक्रिया, छलफल जस्ता कार्यक्रमहरुको निरन्तर रुपमा आयोजना गर्ने ।<br><br>२२. पालिका तहका जनप्रतिनीधी तथा सेवा प्रदायकहरुको लागि लैससासको अवधारणा तथा यसको औचित्य तथा संवेदनशिलतामाथिको महत्व सम्बन्धमा सूचनामुलक स्रोत सामाग्री सहज तथा सरल भाषामा प्रकाशित गर्ने र सो सम्बन्धमा तालिम |

| नीतिहरु | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| | | अर्न्तक्रिया, छलफल जस्ता कार्यक्रमहरुको आयोजना निरन्तर रुपमा गर्ने । <br><br> २३. महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका सम्बन्धमा रहेका संवैधानिक प्रावधान तथा संघिय, प्रदेश तथा स्थानिय कानून, नीतिगत प्रावधानहरु, कार्यक्रमहरु तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तका बारेमा तालिम, अर्न्तक्रिया, छलफल जस्ता कार्यक्रमहरुको आयोजना जनप्रतिनिधि तथा सेवा प्रदायकहरुका लागि निरन्तर रुपमा गरिरहने । <br><br> २४. असमानता, भेदभाव, विभेद, परम्परागत मुल्य मान्यता तथा हानिकारक अभ्यास तथा व्यवहारहरु कसरी समतामुलक र न्यायोचित समाजको लागि अवरोध हुन भन्ने सम्वन्धमा सूचनामुलक स्रोत सामाग्री प्रकाशित गर्ने र सो सम्वन्धमा तालिम, अर्न्तक्रिया, छलफल जस्ता कार्यक्रमहरुको आयोजना निरन्तर रुपमा गरिरहने । <br><br> २५. लिङ्गमा आधारित हिंसा र भेदभावपुर्ण व्यवहार विरुद्धका हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको (Men Engage) अर्थपुर्ण सहभागिता गराउने । <br><br> २६. लैससासको अवधारणा तथा यसको औचित्य तथा संवेदनशिलतामाथिको महत्व सम्वन्धमा सहज तथा सरल भाषामा पालिका अर्न्तगतका लक्षित समुदायका लागि सूचनामुलक तथा जानकारीमुलक कार्यक्रमहरुको आयोजना निरन्तर रुपमा गर्ने । <br><br> २७. महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका सम्वन्धमा रहेका कानूनी हक अधिकारका बारेमा सूचनामुलक तथा जानकारीमुलक कार्यक्रमहरुको आयोजना पालिका अर्न्तगतका लक्षित समुदायका लागि निरन्तर रुपमा गर्ने । <br><br> २८. असमानता, भेदभाव, विभेद, परम्परागत हानिकारक मुल्य, मान्यता तथा व्यवहारहरुबाट कानूनद्धारा संरक्षित हक अधिकारको उल्लंघन भएमा स्थानिय तहमा कहाँ जाने, कसले कसरी सहयोग गर्छ, नि:शुल्क हुन्छ कि शुल्क लाग्छ, कति समय लाग्छ जस्ता कुराहरुको |



कु० अनिता

| नीतिहरु | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| | | सम्बन्धमा सूचनामुलक तथा जानकारीमुलक कार्यक्रमहरुको आयोजना निरन्तर रुपमा गर्ने ।<br><br>२९. विशेष गरेर महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता अर्थिकोपार्जन र जिवनउपयोगी कार्यक्रमहरुको संचालन गर्ने रचनात्मक वा आधुनिक रुपमा सकारात्मक परिवर्तन गर्ने (no reinforce gender type) किसिमका गतिविधिहरु गर्ने । |
| ५.५ लैससास नीति, योजना, कार्यक्रमको प्रभावकारी कार्यान्यवन, अनुगमन तथा मुल्यांकनको सुनिश्चितता गर्ने | १.पालिकाबाट संचालित वा प्रवाहित सेवा, सुविधा, कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षण गर्ने ।<br><br>२. पालिकाबाट संचालित वा प्रवाहित सेवा, सुविधा, कार्यक्रमको प्रभावकारीताको पुनरावलोकन तथा समीक्षा गर्ने । | ३०. पालिकामा बसोबास गर्ने महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क संकलन गर्ने र नियमित रुपमा अध्यावधीक गर्ने ।<br><br>३१. पालिकाबाट संचालित कार्यक्रम वा प्रवाहित हुने सेवा, सुविधा, कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षणका लागि लक्षित समुदायहरुको सहभागितामा प्राथमिकिकरण रहेको क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिन रुपमा हासिल गर्न सक्ने गरी सुचकांकहरुको सुचि तयार पार्ने ।<br><br>३२. सामाजिक कार्यक्रमहरुको नियमित अनुगमन, मुल्यांकन तथा समिक्षा गर्न निश्चित मापदण्ड बनाउने ।<br><br>३३. भौतिक पुर्वाधार र विकास निर्माणसँगसँगै सम्बन्धित समुदायलाई लक्षित गरी संचालित पालिकाका सामाजिक कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण सुचकांकहरुको सुचि तयार पारी सोही सुचांकमा आधारित भई लक्षित समूह कति लाभान्वित भए भएनन् भन्ने कुराको अनुगमन तथा समिक्षा गर्ने र सो कुराको अभिलेख राख्ने, अभिलेखको समय समयमा अद्यावधिक गर्ने तथा आगामी बन्ने तथा संचालित हुने कार्यक्रममा सो कुरालाई विशेष ध्यान दिने । |

## १२. नीति कार्यान्वयनका लागि संस्थागत संरचना

गाउँपालिकाले रणनीति तथा काययोजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन, समीक्षा तथा आवश्यकता अनुसार परिमार्जनका लागि निम्न अनुसार संरचना निर्माण गर्नेछ :

| गाउँपालिका स्तर | वडा स्तर | समुदाय स्तर |
|---|---|---|
| • गाउँपालिका अध्यक्षको अध्यक्षतामा निर्देशन समिति (समिति सदस्यहरुमा पालिकामा क्रियाशील राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु)<br>• उपाध्यक्षको संयोजकत्वमा कार्यान्वयन समिति | • वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय लैससास तथा लैगिक हिंसा उन्मूलन समिति<br>• महिला वडा सदस्यको संयोजकत्वमा वडा स्तरीय अनुगमन तथा परामर्श कार्यदल | • महिला निगरानी समूह<br>• बाल क्लब/सञ्जाल र हिमायती<br>• युवा क्लब<br>• किशोरी किशोर समूह<br>• नीजी सस्थां<br>• धर्मगुरु सञ्जाल<br>• विद्यालय परिवार |

पुनश्चः पालिकास्तरमा अध्यक्षको अध्यक्षतामा गठन हुने समितिमा पालिकामा क्रियाशील राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु समावेश गर्न सकिने । त्यसैगरी उपाध्यक्षको संयोजकत्वमा गठन हुने समितिमा गाउँ शिक्षा समितिको संयोजक, सामाजिक संघ संस्थाका प्रमुख (जस्तै पालिकामा क्रियाशील संस्थाहरु सिद्दार्थ सामाजिक विकास केन्द्र, युवा क्लब, बाल क्लब सञ्जाल, महिला सहकारी, किशोरी अधिकार मञ्च, नागरिक बहस केन्द्र, किशोर किशोरी समूहबाट केही सदस्य तय गर्न सकिने), स्थानीय प्रहरी कार्यालय, सामुदायिक अस्पताल र सदस्य सचिवको रुपमा महिला शाखा रहने । त्यसैगरी वडाध्यक्षको संयोजकत्वमा गठन हुने समितिमा महिला सहकारी, विद्यालय, पालिकास्थित स्वास्थ्य संस्था, वडास्थित टोल विकास संस्था, धार्मिक संस्थाहरु, सामुदायिक सिकाइ केन्द्र र वडामा क्रियाशील सरोकारवाला निकाय तथा सस्थाहरुलाई समावेश गर्न सकिने र महिला वडा सदस्यको संयोजकत्वमा गठन हुने समितिमा समूदायमा आधारित संस्था तथा सञ्जालका प्रतिनिधिहरुलाई समावेश गर्न सकिनेछ ।

## १३. नीतिको कार्यान्यवनमा आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनिकरणका उपायहरु

उल्लेखित नीति, रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य समस्या, चुनौती तथा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अवलम्बन गरिनेछ ।

| क.स | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| १. | लैससासको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानीय तहको प्राथमिकतामा नपर्नु । | सहभागिताकमुलक छलफलबाट समान बुझाई बनाउने प्रयत्न गरीने । त्यस्तै लैससासलाई प्राथमिकतामा राख्ने नीतिगत व्यवस्था गर्ने । |

| क्र.स | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| २. | नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला बिच समन्वय नहुनु । | सरोकारवाला बिचमा नियमिति साझा बैठक राख्ने तथा पालिका स्तरमा उपलब्ध संजालहरुको उपयुक्त प्रयोग गरी लक्षित समुदायका व्यक्तिहरुलाई कसरी लाभान्वित गर्न सकिन्छ भन्ने बारेमा नियमित छलफल गर्ने । |
| ३. | खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | योजना तर्जुमा तथा अनुगमन पद्धतीलाई तथ्याङ्कमा आधारित बनाउने। |
| ४. | आर्थिक स्रोतको अभाव हुनु । | स्थानिय तहको एकमुष्ठ बजेटबाट लक्षित समुदायको लागि निश्चित न्युनतम प्रतिशत बजेट तोकेरै योजना तथा कार्यक्रम तयार पारिने । प्रगतीशिल बजेटको अवधारणा कार्यान्वयनमा ल्याउने ।<br>पालिकामा क्रियाशील समूदायमा आधारित संघ संस्था तथा नागरिक संघ संस्था तथा विकासका साझेदार संघ संस्थासँगको सहकार्यमा यस प्रकारका विषयमा प्राथमिकताका साथ कार्यक्रम तथा बजेटको तर्जुमा गर्न अनुरोध गर्नुका साथै त्यस प्रकारका गतिविधिहरुमा पालिकाको तर्फबाट समन्वय, सहयोग र सहकार्य बढाउने । |

## १४. नीति कार्यान्वयनको लागि कार्ययोजना (Plan of Action) तथा जिम्मेवार निकाय

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| १. | स्थानिय तहका जनप्रतिनिधि, वडा तहका जनप्रतिनिधि तथा अन्य सरोकारवाला निकाय बिचमा लैससासस नीतिको औचित्य, महत्व तथा यसबाट पालिकामा पर्ने सकारात्मक असर तथा प्रभावहरुको बारेमा अभिमुखिकरण कार्यक्रमको आयोजना गर्ने । | शुद्धोधन गाउँपालिका | लैङ्गिक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट ।<br>विकास साझेदार, संयुक्त राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय निकाय, सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने। | नीति स्वीकृत भएको ३ महिना भित्र । |
| २. | पालिका अर्न्तगत लैससास सम्बन्धी विषयवस्तु हेर्नका | महिला तथा बालबालिका | लैङ्गिक समानता, महिला सशक्तिकरण, | संघ, प्रदेश तथा स्थानिय सरकारबाट | नीति स्वीकृत भएको तिन |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| | लागि विशेष रुपमा कर्मचारी तोक्ने र पालिकामा लैससास सम्बन्धी विशेषज्ञताको क्रमश विकास गर्दै जाने । | शाखा, शुद्धोधन गाउँपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | विनियोजित बजेट ।<br><br>विकास साझेदार, संयुक्त राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय निकाय, सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने। | महिना भित्र विशेष रुपमा कर्मचारी तोक्ने तथा विशेषज्ञताको विकास निरन्तर रुपमा गर्ने । |
| ३. | गाउँपालिका र यस अर्न्तगतका ६ वटै वडासँग नियमित समन्वय र सहकार्य गर्ने, नीतिको प्रभावकारीता बारे बार्षिक रुपमा समिक्षा गर्ने र आवश्यक देखिएको सुधार नियमित रुपमा गर्दै जाने। | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा, शिक्षा शाखा, स्वास्थ्य शाखा, CTEVT, भौतिक संरचना निर्माण तथा योजना शाखा, शुद्धोधन गाउँपालिका | लैङ्गिक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट ।<br><br>विकास साझेदार, संयुक्त राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय निकाय, सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने। | नीति स्वीकृत भएको २ महिना भित्र, त्यसपछी निरन्तर रुपमा बर्षभरी |
| ४. | गाउंपालिका र यस अर्न्तगतका ६ वटै वडामा नीतिको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित वडाको लागि लैससास सम्बन्धी कार्ययोजना तर्जुमा गर्ने । | महिला तथा बालबालिका शाखा, , योजना शाखा, शुद्धोधन गाउँपालिका | लैङ्गिक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | सघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट ।<br><br>विकास साझेदार, संयुक्त राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय निकाय, सहकारी तथा | नीति स्वीकृत भएको छ महिना भित्र । |



CamScanner

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| | | | | गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने। | |
| ५ | गाउँपालिको नियमित बजेटबाट निश्चित प्रतिशत रकम लक्षित समुदायको कार्यक्रमका लागि तोक्ने । पालिका तहको बजेटलाई लैससास उत्तरदायी बनाउनका लागि उल्लेखित मापदण्डको पालना गर्ने ।<br>१. महिलाको लागि (सूचकहरु<br>१. योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता (२०),<br>२. क्षमता अभिवृद्धि (२०),<br>३. महिलाहरुको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता (२०),<br>४. रोजगारी र अन्य आय आर्जन अभिवृद्धि (२०),<br>५. समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी (२०)<br>**नोटः** उल्लेखित ५ वटा सूचकहरुको अंकभार जोड्दा २० भन्दा कम भएमा लैगिंक दृष्टिकोणले तटस्थ, सूचकका लागि निर्धारण गरिएको अंकभार जोड्दा कुल योग २० वा सो भन्दा माथि ५० भन्दा कम भएमा अप्रत्यक्ष लैगिंक उत्तरदायी र सूचकका लागि निर्धारण गरिएको अंकभार जोड्दा कुल योग ५० वा सो भन्दा बढी भएमा | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, शुद्धोधन गाउँपालिका । | लैङ्गिक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट ।<br>विकास साझेदार, संयुक्त राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय निकाय, सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने । | नीति स्वीकृत भएको तीन महिना भित्र |

| क.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| | निर्माण गर्ने र सोको आधारमा नियमित अनुगमन, मुल्यांकन गर्ने | अनुगमन तथा मूल्याँकन शाखा, शुद्धोधन गाउँपालिका | क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | विकास साझेदार, संयुक्त राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, राष्ट्रिय निकाय, सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने। | |

## १५. सहकार्य तथा समन्वय

यो रणनीति तथा कार्ययोजना कार्यान्वयनका लागि पालिकाले संघीय सरकार तथा लुम्बिनी प्रदेश सरकारसँग सहयोगको लागि अनुरोध गर्नुका साथै सहकार्य गर्नेछ भने पालिकामा यस क्षेत्रमा क्रियाशील व्यक्ति तथा समूहहरू, युवा क्लब, किशोरी समूह, बालिका, महिला, आर्थिक तथा सामाजिक रूपले पछाडि पारिएका समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, विस्थापित, आदीवासी जनजाति, दलितका साथै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सीमान्तकृत समुदायहरू, कानुन कार्यान्वयन गर्ने निकाय तथा संयन्त्रहरू, राजनीतिक दल, स्थानीय स्तरमा रहेका प्रहरी, स्वास्थ्य संस्था, विद्यालय, धर्मगुरु, नागरिक समाज, गैसस, निजी संस्था, पेसागत संस्था तथा सञ्जालहरू, राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग, मधेशी आयोग लगायतका आयोगहरु, विकास साझेदार लगायत विभिन्न समुदायसँग समन्वय र सहकार्य गर्नेछ ।



CamScanner

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| | प्रत्यक्ष लैगिंक उत्तरदायी मानिने छ । त्यस्तै अन्य लक्षित समुदायको हकमा यही लैगिंक उत्तरदायी बजेटको मापदण्ड तथा सुचकहरुको प्रयोग सम्बन्धीत लक्षित समुदायको समानुपातिक प्रतिनिधित्वको सिद्धान्तमा आधारित भएर गर्ने । | | | | |
| ६. | लैससास नीति कार्यान्वयनमा उत्कृष्ट प्रर्दशन गर्ने वडा तहलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने परिपाटीको विकास गर्ने । | शुद्धोधन गाउँपालिका | लैङ्गिक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट । विकास साझेदार, संयुक्त राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय स्तरका निजी क्षेत्रबाट प्राप्त बजेट । | कम्तीमा वर्षको एकपटक (आर्थिक वर्षको अन्त्यमा) |
| ७. | प्रत्येक वर्ष लैससास नीतिको पुनरावलोकन गर्ने र समसामयीक रुपमा परिमार्जन तथा संशोधन गर्ने । | शुद्धोधन गाउँपालिका | लैङ्गिक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट । विकास साझेदार, संयुक्त राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय निकाय, सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने। | नीति स्वीकृत भएको एक बर्षभित्र र निरन्तर र आवश्यकतानुसार |
| ८. | नीति कार्यान्वनको निरन्तर समिक्षा, अनुगमन, मुल्यांकनका लागि आवश्यक सुचकहरुको | महिला तथा बालबालिका शाखा, | लैगिंक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट । | नीति स्वीकृत भएपछी प्रत्येक वर्षमा |



कु० अनिता

| | | |
|---|---|---|
| | | • पालिका तहका लक्षित समुदाय आफ्नो हक अधिकार उल्लघंन भएको अवस्थामा आफ्नो हक अधिकार पुन स्थापित गर्न गुनासो वा उजुरी गर्न सक्ने भएका हुनेछन् । |

## अनुसूचि २

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** (लैससास) शब्दावली तथा परिभाषा

१. लैससास : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ।

२. लक्षित समूदाय : यस लैससास नीतिको प्रयोजनको लागि निम्न उल्लेखित वर्ग तथा समूहलाई लक्षित समूदायको रुपमा मानिएको छः महिला, दलित, आदिवासी जनजाती, अपांगता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, अल्पसंख्यक, सीमान्तकृत तथा पछाडी पारिएका वा बहिष्करणमा परेका समुदाय ।

अनुसूचि १.

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को उद्देश्य तथा सो उद्देश्य प्राप्ति भएको सुनिश्चित गर्ने सुचकहरु ।

| क्र.स. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को उद्देश्य | उद्देश्य प्राप्ति भएको सुनिश्चित गर्ने सुचकहरु |
|---|---|---|
| १. | लैससासको अवधारणालाई संस्थागत गर्नका लागि नीतिगत रुपमा स्पष्टता कायम गर्दै आवश्यक कार्यदेश निर्दिष्ट गर्ने। | • पालिका तहको विद्यमान ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन भएको हुनेछ ।<br>• आवश्यकता अनुसार नयाँ ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरु तर्जुमा भएको हुनेछ।<br>• पालिकाले लक्षित समुदायको आवश्यकताका क्षेत्रलाई प्राथमिकतामा राखी वार्षिक, आवधिक योजना, कार्यक्रम तथा बजेटको तर्जुमा गरेको हुनेछ। |
| २. | संरचनागत तह तथा निर्णय प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता तथा परिणाममा समान पहुँच र नियन्त्रणको सुनिश्चितता गर्ने । | • पालिका तहको संरचनागत तह तथा निर्णायक तहमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको समानुपातिक समावेशीको सिद्धान्तका आधारमा अर्थपुर्ण सहभागिता भएको हुनेछ । |
| ३. | सबै प्रकारका साझा अवसर, स्रोत साधन, सेवा, सूचना तथा सुविधाहरु र परिणाममा समेत सबै वर्ग र समुदायको समान पहुँच र नियन्त्रणको सुनिश्चितता गर्ने । | • लक्षित समुदायका लागि पालिकाबाट प्रवाह हुने अवसर, स्रोत साधन, सेवा, सूचना तथा सुविधाहरु र परिणामका बारेमा सहज माध्यमबाट जानकारी तथा सूचना प्रवाह गरिएको हुनेछ । |
| ४. | लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धमा क्षमता अभिबृद्धि गर्ने । | • पालिका तहका जनप्रतिनिधीहरु तथा सेवा प्रदायकहरु लैससास को महत्व तथा यसको संवेदनशिलताका बारेमा जानकार भएका हुनेछन्।<br>• पालिका तहका लक्षित समुदाय आफ्ना हक अधिकार प्रति सचेत तथा जानकार भएका हुनेछन् । |



CamScanner